# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, भदौ ३० गते २०५५ साल (अतिरिक्ताङ्क ४२


## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले जिल्ला विकास समिति डोल्पाको निर्वाचनको लागि जिल्ला प्रशासन कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी श्री लिलानिधि कोइरालालाई निर्वाचन अधिकृत नियुक्त गरेकोमा निज मिति २०५५।५।३० देखि क्रिया बिदामा बस्नु भएकोले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्रप्रसाद भट्टराईलाई मिति २०५५।५।३० देखि लागू हुने गरी स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले जिल्ला विकास समिति डोल्पाको लागि निर्वाचन अधिकृत नियुक्त गरेको छ ।

### सूचना २

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सोही ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्न २०५५ साल असोज २ गते हुने जिल्ला विकास समितिका पदाधिकारीहरूको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला प्रहरी कार्यालयका प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरेको छ ।

५३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उपदफा (२) को प्रयोजनको लागि निर्वाचन आयोगले २०५५ साल असोज २ गते हुने जिल्ला विकास समितिका पदाधिकारीहरूको निर्वाचनमा सम्बन्धित जिल्लामा सो जिल्लाका जिल्ला सरकारी अधिवक्तालाई अधिकृत तोकेकोले यो सूचना प्रकाशन गरेको छ ।

आज्ञाले,
पुरुषोत्तम ढकाल
निर्वाचन आयोगको का.मु. सचिव

मुद्रण विभाग, सिंहदरबार,

638



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।